बैठक संख्या: ५

आज मिति २०८२ साल कार्तिक २७ गते विहीबार रुरुक्षेत्र गाउँपालिका अध्यक्ष श्री यदु ज्ञवालीज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठकमा निम्न प्रस्तावमा छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

समय: दिनको १:०० बजे

स्थान: कार्यपालिका बैठक कक्ष

उपस्थिति:

| क्र.सं. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री यदु ज्ञवाली | |
| २. | उपाध्यक्ष | श्री मिना देवी गौतम | |
| ३. | सदस्य | श्री नवराज वि.के. | |
| ४. | सदस्य | श्री घनश्याम अर्याल | |
| ५. | सदस्य | श्री शेषनारायण पौडेल | |
| ६. | सदस्य | श्री मोती प्रसाद श्रेष्ठ | |
| ७. | सदस्य | श्री हरि प्रसाद ज्ञवाली | |
| ८. | सदस्य | श्री रोमनाथ पौड्याल | |
| ९. | सदस्य | श्री लक्ष्मी भट्टराई | |
| १०. | सदस्य | श्री हरिकला वराल क्षेत्री | |
| ११. | सदस्य | श्री राजकुमारी शाही | |
| १२. | सदस्य | श्री बुद्धिमती लामिछाने | |
| १३. | सदस्य | श्री दुर्गा विश्वकर्मा | |
| १४. | सदस्य | श्री मिना कुमारी नेपाली | |
| १५. | सचिव | श्री लक्ष्मण पाण्डे | |

| बैठक संचालन सहयोगी |
|---|
| सहायक लेखा अधिकृत श्री हेम बहादुर कार्की |
| ना.सु. श्री राम प्रसाद ज्ञवाली |
| ना.सु. श्री ज्ञानेन्द्र वि.क. |
| का.स. श्री दिपक श्रेष्ठ |

**मिति २०८२ कार्तिक २७ गतेको कार्यपालिका बैठकका प्रस्तावहरुः**

(१) LISP परियोजना कार्यान्वयनको लागि देहाय बमोजिमका निर्देशिका तथा कार्यविधिहरु स्वीकृत गर्ने सम्बन्धमा ।

क. स्थानीय पूर्वाधार आयोजना संचालन तथा व्यवस्थापन निर्देशिका, २०८२

ख. अनुगमन तथा सुपरिबेक्षण कार्यविधि, २०८२

ग. गुनासो सम्बोधन तथा व्यवस्थापन कार्यविधि, २०८२

घ. स्थानीय पूर्वाधार मर्मत सम्भार कोष संचालन तथा व्यवस्थापन कार्यविधि, २०८२

ङ. संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०८२

(२) परियोजना अनुगमन तथा समन्वय समिति (PMCC) बाट सिफारिस भएका कार्यक्रम तथा बजेट स्वीकृत गर्ने सम्बन्धमा ।

(३) तिज गीत संचालनको रकम भुक्तानी सम्बन्धमा ।

**मिति २०८२/०७/२७ गतेको पाँचौ गाउँकार्यपालिका बैठकका निर्णयहरु:**

| निर्णय नं. | निर्णयहरु |
|---|---|
| १. | स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) अन्तर्गतका योजना तथा कार्यक्रम कार्यान्वयनको लागि देहाय बमोजिमका निर्देशिका तथा कार्यविधिहरु स्वीकृत गर्ने ।<br>**देहाय:**<br>१. स्थानीय पूर्वाधार आयोजना संचालन तथा व्यवस्थापन निर्देशिका, २०८२<br>२. अनुगमन तथा सुपरिबेक्षण कार्यविधि, २०८२<br>३. गुनासो सम्बोधन तथा व्यवस्थापन कार्यविधि, २०८२<br>४. स्थानीय पूर्वाधार मर्मत सम्भार कोष संचालन तथा व्यवस्थापन कार्यविधि, २०८२<br>५. संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०८२ |
| २. | परियोजना अनुगमन तथा समन्वय समिति (PMCC) बाट गाउँपालिका श्रोत कार्यक्रम अन्तर्गतको रु. ५५ लाख र हेफर श्रोत कार्यक्रम अन्तर्गतको रु. २९ लाख ५७ हजार ६ सय ८७ रुपैयाको बजेटको विभिन्न कार्यक्रमहरु छनौट गरी स्वीकृतीको लागि पेश भएको हुँदा उक्त परियोजना अनुगमन तथा समन्वय समितिले सिफारिस गरेका कार्यक्रम तथा बजेट स्वीकृत गर्ने । साथै रुरु कृषि परियोजना संचालनको लागि रु. २५ लाख पेश्की रकम उपलब्ध गराउने । |
| ३. | तिज गित संचालन वडा स्तर शिर्षकमा रु. २ लाख ७० हजार बजेट विनियोजन भएको । वडा कार्यालयहरुबाट तिज गित संचालनको कार्यक्रमहरु सम्पन्न गरी रकम निकासाको लागि विल भरपाईहरु सहित पठाएकोले विनियोजित शिर्षकबाट वडा नं. १, वडा नं. ४ र वडा नं. ५ को लागि रु. ५० हजारका दरले रु. १ लाख ५० हजार र वडा नं. २, वडा नं. ३ र वडा नं. ६ को लागि रु. ४० हजारका दरले रु. १ लाख २० हजार गरी जम्मा रकम रु. २ लाख ७० हजार बजेट विनियोजन गरी रकम भुक्तानी गर्ने । |